

# १२ तिनीहरुले तिम्रो घरमा के देखे?

***यस अध्यायका मूल पदहरू:*** यशैया ३८,३९, १ कोरन्थी ७:१२-१५, १ पत्रुस ३:१,२, हिब्रू ६:१२, ३ यूहन्ना ११, र यशैया ५८:६,७,१०,१२।

***यस अध्यायको मूल सार पद:*** **"तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी बिषेश प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।" (१ पत्रुस २:९ रूपान्तरित)।**

परमेश्वरको आशिषले हुनसक्छ हाम्रो जीवन ठिक ठाउँमा आइपुगेको छः परिवार राम्रैसँग चलेको छ, काम ठिकैसँग चलिरहेको छ, स्वास्थ्य र आर्थिक अवस्था पनि संतोषजनकै छ। तर त्यसो नहुन पनि सक्छ। शायद तपाईंको घरमा पीडा, हुरीबतास चलिरहेको होला। जेभएतापनि तपाईंको घरमा कोही भेट्न आयो भने तपाईंले के भन्नुहुन्छ होला? एक दिन इस्राएलको राजा हेजिकियाकोलाई बेबिलोन दरवारका दूतहरूले भेट्न आएका थिए। राजा हिजकियाले तिनीहरूलाई के देखाए त्यसको मामिलामा अगमवक्ता यशैयाले उनलाई सोधेको थिए, "तिनीहरूले तपाईंको दरवारमा के देखे?" (यशैया ३९:४ रूपान्तरित)।

तपाईंको घरमा मानिसहरूले के देखे? स्वर्गदतहरूले के देखे? हामीहरूका घरहरूमा कस्तो खालको बोलिचाली वा रहनसहनले बास गरेको छ? के कसैले प्रार्थनाको बास्ना पाउन सक्छ? के तपाईंको घरमा दया, करुणा, उदारता, प्रेम देख्छन् कि तनाव, रिस, झोंक, झगडा, एक आपसमा शत्रुतापूर्ण व्यवहार, अनमेल, चर्काचर्की, रुष्ट आदि कोही घरमा आउने बित्तिक्कै कस्तो घरमा आएछु भन्ने नकारात्मक सन्देश दिने खालको व्यवहार

देख्छ? के कोही तपाईंको घरबाट निस्किने बित्तिक्कै तपाईंको घरमा येशू हुनुहुन्छ भन्ने रमाइलो भाव दिलाउनु भएको छ कि?

ती सबै महत्त्वपूर्ण प्रश्नहरू हुन्। हामीले हाम्रो घरको वातावरण कस्तो सृजना गरेकाछौं त्यसको जवाफ दिन ती प्रश्नहरूले हामीहरूको दिमागलाई घचघचाउनै पर्छ। आज विभिन्न कारणबस घरमा तनाव र संघर्षको सामना गर्नु बाध्य भएतापनि घरलाई सानो स्वर्ग वा स्वर्गलाई प्रतिबिम्बित बनाउने खालका विषयबस्तुहरू समेतेर यो अध्याय लेखिएको छ।

## १. राजाको भूलबाट पाठ

**इस्राएलका राजा हेजकिया मर्ने गरि बिमार भएका थिए। उनको प्रार्थना पछि उनी निको भए। उनको बिमार सुनेर उनलाई सान्त्वना दिन बेबिलोन (आधुनिक इराकबाट) राजदूतहरू उनलाई भेट्न आएका थिए। राजा हेजकियाको बिमार र ती राजदूतहरूसँगको भेटमा के के भयो देहायको विवरण पढ्नुहोस्। २ इतिहास ३२:२४-३१ "२४ हिजकिया सिकिस्त बिरामी भए, र तिनले परमप्रभुलाई प्रार्थना गरे। परमप्रभुले तिनलाई जवाफ दिएर एउटा चिन्ह दिनुभयो। २५ तर हिजकिया अभिमानी भएका थिए, अनि परमप्रभुले तिनलाई दया देखाउनुभएकोमा तिनी कृतज्ञ भएनन्। यसैकारणले तिनीमाथि अनि यहूदा र यरूशलेममाथि परमप्रभुको क्रोध पर्‍यो। २६ आफ्नो अभिमानीको निम्ति हिजकिया र यरूशलेमका मानिसहरूले पश्चात्ताप गरे। त्यसले गर्दा हिजकियाको समयभरि नै परमप्रभुको क्रोध फेरि तिनीहरूमाथि परेन। २७ हिजकियाले धेरै धन-सम्पत्ति र मानमर्यादा पाएका थिए। तिनले आफ्ना सुन र चाँदी, बहुमूल्य पत्थर र मसलाहरू, ढालहरू र अरू दामी-दामी चीजहरूका निम्ति भण्डारहरू बनाए। २८ अन्न, नयाँ दाखमद्य र तेलका लागि ढुकुटीहरू, अनि विभिन्न किसिमका जन्तुका लागि तबेला र भेड़ाबाख्राहरूका लागि गोठहरू पनि तिनले बनाए। २९ तिनले गाईबस्तुका धेरै बथान र भेड़ाबाख्राका धेरै बगालहरू पनि जम्मा गरे, किनभने परमेश्वरले साँच्ची नै तिनलाई धेरै धन-सम्पत्ति दिनुभएको थियो। ३० यी नै हिजकियाले गीहोन नदीको माथिल्लो मूललाई थुनेर तलतिर दाऊदको सहरको पश्चिमपट्टितिर बगाउन लाएका थिए। वास्तवमा आफूले गरेको हरेक परियोजना सफल भयो। ३१ तर जब बेबिलोनका शासकहरूले पठाएका राजदूतहरू देशमा देखिएको आश्चर्यका चिन्हको विषयमा सोध्न आए, तब परमेश्वरले तिनलाई जाँच गर्न र तिनको हृदयका सबै कुरा पत्ता लगाउन**

तिनलाई छोड्नुभयो।, यशैया ३८ "१ त्यस बेला हिजकिया राजा बिरामी परेर मर्नै लागेका थिए। तब आमोजका छोरा यशैया अगमवक्ताले तिनीकहाँ आएर भने, "परमप्रभु यसो भन्नुहुन्छः तिम्रो घर ठीकठाक गर, किनकि तिमी मर्नेछौ, तिमी निको हुनेछैनौ।" २ तब हिजकियाले आफ्नो मुख भित्तातिर फर्काएर परमप्रभुसित यसो भनेर प्रार्थना गरे, ३ "हे परमप्रभु, तपाईंको सामुन्ने म कस्तो विश्वासयोग्य भई सारा हृदयको भक्तिसाथ हिँड़ेको छु, र तपाईंको दृष्टिमा जे असल छ त्यही गरेको छु, त्यसको सम्झना होस्।" अनि हिजकिया धुरुधुरु रोए। ४ तब परमप्रभुको वचन यशैयाकहाँ यसो भनेर आयो, ५ "गएर हिजकियालाई भन्, 'तिम्रा पिता दाऊदका परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः मैले तिम्रो प्रार्थना सुनें र मैले तिम्रो आँसु देखें। म तिम्रो आयु अरू पन्ध्र वर्ष बढ़ाइदिनेछु। ६ म तिमीलाई र यस सहरलाई अश्शूरका राजाको हातबाट छुटकारा दिनेछु। म यस सहरको रक्षा गर्नेछु। ७ " 'परमप्रभु आफैले प्रतिज्ञा गर्नुभएको कुरो गर्नुहुनेछ भन्ने परमप्रभुको चिन्ह तिमीलाई यो हुनेछः ८ आहाजको सिँढ़ीमा घामको छाया, जो तल गइसकेको छ, म दश खुट्किला पछि सार्नेछु'।" यसैले घामको छाया तलतिर गएको भए तापनि दश खुट्किला पछि सऱ्यो। ९ बिरामी परेर निको भएपछि यहूदाका राजा हिजकियाले लेखेका कुराः १० मैले भनें, "के मेरो आयुको मस्त जवानीमा नै मृत्युको ढोकाभित्र जानुपर्ने र मेरो आयुको शेष भाग हरण हुने?" ११ मैले भनें, "म परमप्रभुलाई फेरि देख्नेछैनँ, जीवितहरूको देशमा परमप्रभुलाई म देख्नेछैनँ। मानव-जातिलाई म अब देख्नेछैनँ, न त संसारमा अहिले बस्नेहरूसँग म हुनेछु। १२ गोठालाको पालझैं मेरो घर भत्काएर मबाट खोसी लगियो। जुलाहाले लुगा बेहेरेझैं मैले मेरो जीवन बेहेरेको छु, र उहाँले मलाई तानबाट काटिदिनुभएको छ। दिन र रातभरिमा नै तपाईंले मेरो अन्त गराइदिनुभयो। १३ बिहानसम्म म धैर्यसाथ पर्खिबसें। तर सिंहले झैं उहाँले मेरा सबै हड्डी भाँच्नुभयो। दिन र रातभरिमा नै तपाईंले मेरो अन्त गराइदिनुभयो। १४ गौंथलीझैं वा सारिका चराझैं म चिरबिर गर्थें। ढुकुरझैं विलाप गर्थें, माथितिर हेर्दा-हेर्दा मेरा आँखा टट्टाइसके। हे परमप्रभु, म दुःखमा परेको छु। तपाईं मलाई सहायता गर्नुहोस्।" १५ तर म अब के भन्न सक्छु र? उहाँ मसित बोल्नुभयो, र उहाँले नै यो गर्नुभयो। मेरो प्राणको यो सुर्ताको कारण म मेरो सारा जीवनभरि नै नम्र भएर हिंड्नेछु। १६ हे परमप्रभु, यी नै कुराद्वारा मानिसहरू जिउँछन्, र मेरो आत्माले पनि तिनमा नै जीवन पाउँछ। तपाईंले मलाई स्वस्थ पार्नुभयो, र मलाई बाँच्न दिनुभयो। १७ निश्चय नै मेरो भलाइको

निम्ति मैले यस्तो वेदना सहनुपर्‍यो। तपाईंले मलाई प्रेम गरेर विनाशको
खाड़लबाट जोगाउनुभयो। तपाईंले मेरा सबै पाप आफ्नै पछिल्तिर राख्नुभयो।
१८ पातालले तपाईंको प्रशंसा गर्न सक्दैन। मृत्युले तपाईंको प्रशंसा गर्न
सक्दैन। खाड़लमा जानेहरूले तपाईंका विश्‍वस्तताको आशा गर्न सक्दैनन्। १९
जीवित, जीवितले मात्र तपाईंको प्रशंसा गर्छ, जसरी आज म गरिरहेछु। बाबुहरूले
आफ्ना छोराछोरीहरूलाई तपाईंको विश्‍वस्तताको विषयमा वर्णन गर्छन्। २०
परमप्रभुले मलाई उद्धार गर्नुहुनेछ, र हामी आफ्ना जीवनभरि परमप्रभुको
मन्दिरमा तार-बाजाहरूसित भजन गाउनेछौं। २१ यशैयाले यसो भनेका थिए,
“नेभाराको लेप बनाएर हिजकियाको पिलोमा लगाइदेओ, र तिनी निको हुनेछन्।”
२२ हिजकियाले यसो भनेर सोधेका थिए, “म परमप्रभुको मन्दिरमा जानेछु भन्ने
चिन्ह के हुनेछ?” र यशैया ३९ "१ त्यसबेला बेबिलोनका राजा बलदानका छोरा
मरोदकबलदानले हिजकियाकहाँ चिठ्ठी र सौगातका साथमा राजदूतहरू पठाए।
उनले तिनी बिरामी भएर फेरि निको भएका छन् भन्ने सुनेका थिए। २
हिजकियाले ती राजदूतहरूलाई सहर्ष स्वागत गरे, र उनीहरूलाई आफ्नो
भण्डारका सुन, चाँदी, मसलाहरू, सुगन्धित तेलहरू, आफ्ना सारा हतियार-गृह र
आफ्नो कोषमा भएका सबै सामानहरू देखाइदिए। आफ्नो महल र आफ्नो
राज्यमा तिनले उनीहरूलाई नदेखाएको कुनै पनि थोक थिएन। ३ तब यशैया
अगमवक्ता हिजकिया राजाकहाँ आएर भने, “ती मानिसहरूले के भने, र उनीहरू
कहाँबाट आएका थिए?” हिजकियाले भने, “उनीहरू टाढ़ा देश बेबिलोनबाट मकहाँ
आएका थिए।” ४ अगमवक्ताले सोधे, “उनीहरूले तपाईंको दरबारमा के-के
देखे?” हिजकियाले भने, “उनीहरूले मेरो दरबारमा भएका सारा चीजहरू देखे।
मेरो भण्डारमा मैले उनीहरूलाई नदेखाएको कुरा केही छैन।” ५ तब यशैयाले
हिजकियालाई भने, “सर्वशक्तिमान् परमप्रभुको वचन सुन्नुहोस्ः ६ त्यो समय
निश्‍चय नै आउनेछ, जब तिम्रो दरबारमा भएका तिम्रा पुर्खाहरूले आजको
दिनसम्म सञ्चय गरेका सबै थोक बेबिलोनमा लगिनेछन्, केही पनि छोड़िनेछैन,
परमप्रभु भन्नुहुन्छ। ७ तिम्रा कतिपय सन्तान, जन्मिएका तिम्रा रगत र मासु
त्यहाँ कैदमा लगिनेछन्, र तिनीहरू बेबिलोनका राजाको महलमा नपुंसक
बन्नेछन्।” ८ हिजकियाले जवाफ दिए, “तपाईंले भन्नुभएको परमप्रभुको वचन
असलै छ।” किनकि तिनले विचार गरे, “मेरो जीवनकालभरि त शान्ति र सुरक्षा
हुनेछ।”

बेबिलोन देशबाट आएका राजदूतहरू राजा हेजकियाको बिमार कसरी अचम्म तरिकाले निको भयो भनेर चासो देखाउँदै उनलाई भेट्न आएका थिए भनेर बाइबलले बताउँदछ। तर आफ्नो रोग कसरी निको भयो भनेर ती बिदेशी पाहुनाहरूलाई सुनाउन **राजा** हेजकियाले चासो नदेखाएको देखिन्छ। आफूलाई परमेश्वरले अचम्म तरिकाले निको पारेको गवाही दिंदा ती पाहुनाहरूको हृदय खोलेर तिनीहरूको ध्यान सत्य परमेश्वरको ज्ञानतर्फ जाने कुरामा राजाले वास्ता देखाएनन्। अध्याय ३८मा आफू निको हुँदा परमेश्वरप्रति कृतज्ञ भएको थियो तर अध्याय ३९मा बिदेशी पाहुनाहरूलाई परमेश्वरको कामको बारेमा गवाही दिने अवसर हुँदा हुँदै पनि त्यस बिषयमा चुपचाप बसेर नसुनाउने गवाही राजाको नियत आश्चर्यजनक मान्नुपर्छ।

**" परमेश्वरले तिनलाई जाँच गर्न र तिनको हृदयका सबै कुरा पत्ता लगाउन तिनलाई छोड्नुभयो।" (२ इतिहास ३२:३१)।** हिजकियाको दरवारमा बेबिलोनका राजदूतहरूको राजकिय भेट परमेश्वरको गवाही दिने अत्यन्तै ठूलो अवसर थियो। तर राजाले न त प्रार्थना गरे, न त अगमवक्ताहरूबाट न त पुजारीहरूबाट ती पाहुनाहरूलाई के भन्ने भनेर विशेष सरसल्लाह मागे। परमेश्वरले पनि त्यस मामिलामा हस्तक्षेप गर्नुभएन। राज हिजकिया जनताको सामु आफ्नो सान देखाउन चाहने खालका मान्छे भएकोले बिदेशी पाहुनाहरू आउँदा उनले आत्मिक अगुवाहरूबाट केही सल्लाह नलिने मनस्थिति बोकेकोले उनको जीवनमा र इस्राएल देशमा परमेश्वरको कामको गवाही दिने र उहाँको महिमा दिने कुरो उनको मनमा पटक्कै आएन। २ इतिहासको लेखकले २ इतिहास ३२:३१मा कोरेको भनाइ अर्थपूर्ण मान्नुपर्छ। कतिपय मानिसहरूमा परमेश्वरबाट पाएको आशिष आफ्नो भाग्यबाट पाएको भनेर परमेश्वरलाई जस नदिने बानी छ। त्यसको साथै परमेश्वरबाट अनुग्रह र करुणा पाएका मानिसहरूमा आफू सम्पन्न भएपछि उहाँलाई बिर्सिने वा वास्ता नगर्ने मनस्थितिको पनि भएको पाइन्छ। यी नै तथ्यहरूलाई मध्यनजर राख्दै त्यसप्रति सजग हुन उक्त भनाइलाई बाइबलमा राख्ने लेखकको मनशाय भएको देखिन्छ।

**राजा हिजकियाको अनुभवबाट परमेश्वरप्रति कृतघ्न होइन बरू कृतज्ञ हुनुपर्छ भन्ने सिकेर हामीहरूको घरेलु जीवनबाट उहाँप्रति बफादारी छौं भनेर अरूलाई देखाउनु जरुरी छ। त्यस मामिलामा केही सुझावहरू देहायका हरफहरूमा दिइएका छन्। के अरू सुझावहरू पनि तपाईंसँग छ?**

जब कोही आगन्तुक इसाई परिवारमा बारम्बार भेट्न आउँछन् तब त्यस आगन्तुकले त्यस घर परिवार येशू ख्रीष्टका भक्तहरू हुन् भन्ने हेर्ने अवसर पाएका हुन्छन्।

इसाई परिवारमा आगन्तुकहरू भेट्न आउँदा कोही न कोही आत्मिक कुराहरूमा चासो राख्न सक्छन्। येशूका भक्तहरूले जहिले पनि अरूसँगको भेटघाटमा संवेदनशील हुनुपर्छ र सुसमाचार सुनाउने ठिक अवसर खोजिरहनुपर्छ।

येशूका जनहरू आफ्ना भौतिक सम्पन्नता र उपलब्धीहरू अरूलाई फूर्ति देखाएर आफ्नो शान देखाउने होइन बरू तिनीहरू सबै परमेश्वरको आशिषबाट पाएको हो भनेर अरूको अगाडि उहाँलाई जस दिन खोज्नुपर्छ। "अन्धकारबाट अचम्मको ज्योतिमा तिमीहरूलाई बोलाइएकोमा परमेश्वरको प्रशंसाःगर्न" (१ पत्रुस २:९ रूपान्तरित) बोलाइएको हो। हिजकिया मर्नै लागेको थियो तर ख्रीष्टले उनलाई निको पार्नुभएको थियो। हिजकिया मर्न लागेको घट्नालाई एक प्रतीकको रूपमा लिनुपर्छ। कतिपय मानिसहरू पापल गर्दा घाइते भएको वा मरेको हुन्छ तर येशूले तिनीहरूलाई निको पार्न सक्नुहुन्छ र पुनरुत्थान गर्नसक्नुहुन्छ। ती मानिसहरूलाई उहाँले स्वर्गीय स्थानहरूमा बसाल्नुहुन्छ (एफिसी २:४-६ " ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो")।

**अरूको सामु परमेश्वरको गवाहीको लागि तपाईंको घर कतिको उपलब्ध गराउनुभएको छ? तपाईंको घरमा आउने आगन्तुकहरूको सामु येशूप्रतिको तापाईंको विश्वास कतिको सक्रिय भएर बाँडिरहनुभएको छ?**

## २. परिवारले पाउनुपर्ने प्राथमिकता

सुसमाचारलाई ग्रहण गराउने प्रयास स्वभाविकरूपमा घरमा रहेका परिवारहरूमा हुन्छ। घर जस्तो सुसमाचार सुनाउने थलो अरू कहीं पनि हुँदैन।

**प्रभुप्रतिको आफ्नो आस्था बाँड्न घर पहिला हुनुपर्छ भनेर यूहन्ना १:४०-४२बाट हामी के सिक्नसक्छौं? हेर्नुहोस्, "४० यूहन्नाले भनेका कुरा**

सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाइ अन्द्रियास थिए। ४१ तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने "हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं।" ४२ तिनले सिमोनलाई येशूकहाँ ल्याए। येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, "तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ हो, चट्टान) भनिनेछौ।" व्यवस्था ६:४-९ "४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख।" र रूथ १:११-१८ "८ तब नाओमीले आफ्ना दुई बुहारीहरूलाई भनिन्, "तिमीहरू दुवै आफ्नो-आफ्नो माइती घर फर्क। जसरी तिमीहरूले ती मरिसकेकाहरू र मप्रति दयापूर्ण व्यवहार गरेका थियौ, त्यसरी नै परमप्रभुले पनि तिमीहरूप्रति दयापूर्ण व्यवहार गरून्, ९ अनि उहाँले तिमीहरू दुवैलाई तिमीहरूका आफ्ना-आफ्ना भविष्यका पतिका घरमा सुरक्षित राखून्।" तब तिनले उनीहरूलाई चुम्बन गरिन्, र तिनीहरू डाँको छोड़ी-छोड़ीकन रोए। १० त्यसपछि उनीहरूले तिनलाई भने, "हामी तपाईंका मानिसहरूकहाँ तपाईंसँग जानेछौं।" ११ तर नाओमीले भनिन्, "हे मेरा छोरी हो, फर्क, तिमीहरू किन मसँग आउने? के तिमीहरूका पति हुनलाई म अझै छोराहरू जन्माउन सक्छु र? १२ फर्क, मेरा छोरी हो, जाऊ। किनकि फेरि विवाह गर्नलाई म बूढ़ी भइसकेकी छु। नानी पाउन अझै आशा भए, र मैले आज राती नै विवाह गरेर छोराहरू पाएँ भने पनि १३ तिनीहरू बढुञ्जेल तिमीहरू पर्खन्छौ र? के तिमीहरू विवाह नगरी बस्छौ? होइन, होइन मेरा छोरी हो, परमप्रभु मेरो विरुद्धमा हुनुभएकोले मेरो अवस्था तिमीहरूको भन्दा खोटो छ।" १४ तब तिनीहरू फेरि डाँको छोड़ी-छोड़ीकन रोए। त्यसपछि ओर्पाले आफ्नी सासूलाई चुम्बन गरेर आफ्ना मानिसकहाँ फर्केर गइन्, तर रूथचाहिँ तिनीसितै टाँसिरहिन्। १५ तब नाओमीले भनिन्, "हेर त, तिम्री बहिनी त आफ्ना मानिसहरू र आफ्ना देवताहरूकहाँ फर्केर गई। तिमी ऊसितै फर्केर जाऊ।" १६ रूथले जवाफ दिइन्, "मलाई फर्केर जान र तपाईंलाई छोड्न कर नगर्नुहोस्। तपाईं जहाँ

**जानुहुन्छ म पनि त्यहीं जानेछु। तपाईं जहाँ बस्नुहुन्छ म पनि त्यहीं नै बस्नेछु। तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन्। १७ तपाईं जहाँ मर्नुहुन्छ म पनि त्यहीं मर्नेछु, र त्यहीं नै गाड़िनेछु। मृत्युबाहेक अरू कुनै कुराले तपाईं र मलाई अलग गरेमा परमप्रभुले मसँग अति पनि कड़ा व्यवहार गरून्।" १८ रूथले आफूसँग जाने दृढ़ सङ्कल्प गरेकी देखेर नाओमीले अरू केही भनिनन्।"**

*येशूको बारेमा सुनाउने कस्तो जोश।* आन्द्रुले केवल येशूलाई भेटें भनेर खबरमात्र दिएन तर आफ्नो भाइ साइमनले पनि येशूलाई भेटोस् भनेर वातावरण बनायो। हामीहरूको घर र नाताकुटुम्बहरूमा येशूको बारेमा जोशिलो भएर भन्ने र उहाँ व्यक्ति विशेष हुनुहुन्छ भनेर उहाँको पहिचान गराउनु नै सुसमाचार सुनाउने सरल शुत्र हो। पत्रुसलाई येशूकहाँ ल्याएपछि उनी हटेर बसे। पत्रुस र येशूको बीचमा आफ्नै विशेष सम्बन्ध गाँसियोस् भनेर आन्द्रुयले तिनीहरूलाई छोडे।

*विश्वासमा राख्न छोराछोरीहरूलाई सहयोग गर्नुपर्छ।* कतिपय समयमा सुसमाचार सुनाउन घरका छोराछोरीहरूलाई बंचित गरिएको पाइन्छ। परिवारमा भएका आत्मिक जीवन छोराछोरीहरूमा स्वतः सर्छ भनेर कतिपय बाबुआमाहरूले ठान्दछन्। यो गलत हो। बाबुआमा इसाई भए भन्दैमा छोराछोरीहरू स्वत इसाई हुन्छन् भन्ने छैन। हो, घरका छोराछोरीहरूले बाबुआमाहरूको अनुसरण गरेर सिक्छन् तैपनि येशूलाई व्यक्तिगत रूपमा चिनाउन परमेश्वरको परिवारले तिनीहरूलाई व्यक्तिगतरूपमा ध्यान दिनुपर्छ र उहाँप्रति आकर्षित गराउने अवसर खोजिरहनुपर्छ। यो मामिलामा व्यवस्था ६ले यसरी जिकिर गर्दछः छोराछोरीहरूलाई धार्मिक शिक्षा दिन बाबुआमाहरूले अत्यन्तै प्रभावकारी रूपमा ध्यान दिनुपर्छ। नियमितरूपमा व्यक्तिगत र पारिवारिक सङ्गतिको बानी बसाल्नुपर्छ। परमेश्वरतिर आकर्षित गराउन साना छोराछोरीहरू र युवापुस्तालाई बाबुआमाहरूले समय दिएर प्रयास जारीराख्नुपर्दछ।

**नायोमी यहूदी थिइन्। तर उनले उनका श्रीमानसँग मूर्तिपूजा गर्ने देशमा बसाइसराइ गरेकी थिइन्। उनका छोराहरूले स्थानीय मूर्तिपूजा गर्ने स्त्रीहरूलाई विवाह गरेका थिए। जब श्रीमान र छोराहरू मरे तब तिनले आफ्नो देशमा फर्किने व्यवस्था मिलाएकी थिइन्। नाओमीले आफ्ना बुहारीहरूलाई यहूदी धर्म मान्न कर गरिनन् तर उनको उदाहरणबाट बुहारीहरूले नाओमीको**

परमेश्वरको बारेमा थाहा पाएका थिए। रूथ १ अध्याय अनुसार नाओमी कस्ती
खालकी सासु थिइन् जसले परमेश्वरको बारेमा जानकारी दिन सफल भएकी
थिइन्। उनबाट हामी के सिक्नसक्छौं? हेर्नुहोस् "१ उहिले नै न्यायकर्ताहरूको
शासनकालमा देशमा अनिकाल पर्‍यो, अनि यहूदाको बेथलेहेमबाट कुनै एक जना
मानिस आफ्नी पत्नी र दुई भाइ छोराहरूलाई लिएर मोआबीहरूको देशमा केही
समयको लागि बस्नलाई गए। २ ती मानिसको नाउँ एलीमेलेक थियो। तिनकी
पत्नीको नाउँ नाओमी र तिनका दुई छोराहरूका नाउँ महलोन र किल्योन
थियो। तिनीहरू यहूदाको बेथलेहेमका एप्राातीहरू थिए। तिनीहरू मोआबीहरूको
देशमा गए, र त्यहीं बस्न लागे। ३ नाओमीका लोग्ने एलीमेलेक मरे, र तिनी
आफ्ना दुई छोराहरूसँग छोड़िइन्। ४ यी छोराहरूले मोआबी स्त्रीहरू विवाह
गरे। एउटीको नाउँ ओर्पा र अर्कीको नाउँ रूथ थियो। तिनीहरू त्यहाँ प्रायः
दश वर्ष बसेपछि ५ दुवै महलोन र किल्योन पनि मरे। यसरी ती स्त्री आफ्ना
दुई छोराहरू र आफ्ना पतिबाट पनि बिछोड़ भइन्। ६ परमप्रभुले आफ्ना
मानिसहरूको हेरचाह गरेर तिनीहरूलाई भोजन दिनुभएको छ भन्ने कुरा जब
तिनले मोआब देशमा सुनिन्, तब नाओमी र तिनका बुहारीहरू त्यहाँबाट घर
फर्कन तयार गर्न लागे। ७ तब आफ्ना दुई बुहारीहरूलाई साथमा लिएर आफू
बसेको ठाउँ तिनले छोड़िन्, र आफ्नो घर यहूदाको बाटो लागिन्। ८ तब
नाओमीले आफ्ना दुई बुहारीहरूलाई भनिन्, "तिमीहरू दुवै आफ्नो-आफ्नो माइती
घर फर्क। जसरी तिमीहरूले ती मरिसकेकाहरू र मप्रति दयापूर्ण व्यवहार
गरेका थियौ, त्यसरी नै परमप्रभुले पनि तिमीहरूप्रति दयापूर्ण व्यवहार गरून्, ९
अनि उहाँले तिमीहरू दुवैलाई तिमीहरूका आफ्ना-आफ्ना भविष्यका पतिका
घरमा सुरक्षित राखून्।" तब तिनले उनीहरूलाई चुम्बन गरिन्, र तिनीहरू डाँको
छोड़ी-छोड़ीकन रोए। १० त्यसपछि उनीहरूले तिनलाई भने, "हामी तपाईंका
मानिसहरूकहाँ तपाईंसँग जानेछौं।" ११ तर नाओमीले भनिन्, "हे मेरा छोरी हो,
फर्क, तिमीहरू किन मसँग आउने? के तिमीहरूका पति हुनलाई म अझै छोराहरू
जन्माउन सक्छु र? १२ फर्क, मेरा छोरी हो, जाऊ। किनकि फेरि विवाह
गर्नलाई म बूढ़ी भइसकेकी छु। नानी पाउन अझै आशा भए, र मैले आज राती
नै विवाह गरेर छोराहरू पाएँ भने पनि १३ तिनीहरू बढुञ्जेल तिमीहरू पर्खन्छौ
र? के तिमीहरू विवाह नगरी बस्छौ? होइन, होइन मेरा छोरी हो, परमप्रभु मेरो
विरुद्धमा हुनुभएकोले मेरो अवस्था तिमीहरूको भन्दा खोटो छ।" १४ तब
तिनीहरू फेरि डाँको छोड़ी-छोड़ीकन रोए। त्यसपछि ओर्पाले आफ्नी सासूलाई

चुम्बन गरेर आफ्ना मानिसकहाँ फर्केर गइन्, तर रूथचाहिँ तिनीसितै टाँसिरहिन्। १५ तब नाओमीले भनिन्, "हेर त, तिम्री बहिनी त आफ्ना मानिसहरू र आफ्ना देवताहरूकहाँ फर्केर गई। तिमी ऊसितै फर्केर जाऊ।" १६ रूथले जवाफ दिइन्, "मलाई फर्केर जान र तपाईंलाई छोड्न कर नगर्नुहोस्। तपाईं जहाँ जानुहुन्छ म पनि त्यहीं जानेछु। तपाईं जहाँ बस्नुहुन्छ म पनि त्यहीं नै बस्नेछु। तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन्। १७ तपाईं जहाँ मर्नुहुन्छ म पनि त्यहीं मर्नेछु, र त्यहीं नै गाड़िनेछु। मृत्युबाहेक अरू कुनै कुराले तपाईं र मलाई अलग गरेमा परमप्रभुले मसँग अति पनि कड़ा व्यवहार गरून्।" १८ रूथले आफूसँग जाने दृढ़ सङ्कल्प गरेकी देखेर नाओमीले अरू केही भनिनन्। १९ अनि ती दुवै जना हिँड़े, र बेथलेहेममा आइपुगे। जब तिनीहरू बेथलेहेममा आइपुगे तब जम्मै सहरमा हलचल मच्चियो। आइमाईहरूले भन्न लागे, "के यिनी नाओमी नै हुन्?"

२० तिनले भनिन्, "मलाई नाओमी नभन। मलाई मारा* भन, किनभने सर्वशक्तिमान्‌ले मेरो जीवन तीतो बनाइदिनुभएको छ। २१ म भरिपूर्ण भएर गएको थिएँ, तर परमप्रभुले मलाई रित्तो फर्काएर ल्याउनुभएको छ। मलाई किन नाओमी भन्छौ? परमप्रभु मेरो विरुद्धमा उठ्नुभएको छ। सर्वशक्तिमान्‌ले ममाथि विपत्ति ल्याउनुभएको छ।" २२ यसरी नाओमीकी बुहारी मोआबी रूथ तिनीसँग मोआब देशबाट आइन्। तिनीहरू बेथलेहेममा आइपुग्दा जौको कटनी हुँदैथियो।"

नाओमी अत्यन्तै गहिरो शोकको अवस्थामा परेकी रूथले देखेकी थिइन्: आफ्नी बुहारीहरूलाई तिनीहरूकै मानिसहरूकहाँ फर्केर जान उनले कर गरेकी थिइन् साथै तिनीहरूकै पुरानो धर्ममा जान उनले तिनीहरूको धार्मिक आस्थाको स्वतन्त्रमा हस्तक्षेप गर्न चाहेकी थिइनन्, जब आफूले गुमाउनेपर्ने परिवार श्रीमान र छोराहरूले गर्दा उदासिन भएर परमेश्वरसँग उनी रिसाएकी थिइन् (रूथ १:१५,२०,२१)। बाबुआमा सिद्ध नभएतापनि तिनीहरूको उदाहरणले युवालाई कस्तो प्रभाव पार्न सक्दो रहेछ भनेर रूथको उदाहरण अत्यन्त उल्लेखनीय देखिन्छ। सासुससुराको ईस्वरभक्तिको जीवनले गर्दा रूथले परमप्रभु सृष्टिकर्ता परमेश्वरलाई आफ्नो जीवन अर्पण गरेकी थिइन्।

सुसमाचार सुनाउने अत्यन्तै महत्त्वपूर्ण र प्रथम थलो घर नै हो भन्ने महसुस गरिरहँदा तपाईंको घर र तपाईंसँग रहने मानिसहरूप्रति तपाईंको धारणा

कस्तो हुनु पर्छ? येशूलाई विश्वास नगर्ने आफन्तहरूको निम्ति तपाईंले के के गर्न सक्नुहुन्छ सो सोच्नुहोस्।

## ३. शान्ति जसले जित्नसक्छ

धर्म वा आस्थाको कारणले वैवाहिक जीवन वा परिवार टुक्रिन सक्छ। वैवाहिक जीवन र येशूलाई विश्वास गर्ने वा नगर्ने दम्पतीको मामिलामा नयाँ करारले के सल्लाह दिँछ? हेर्नुहोस्ः १ कोरन्थी ७ः८-१७ "८ तर अविवाहित र विधवाहरूलाई म भन्दछु, तिनीहरू मजस्तै अविवाहित रहे तिनीहरूका निम्ति असल हुनेछ। ९ तर तिनीहरूले आफूलाई वशमा राख्न सक्दैनन् भने तिनीहरूले विवाह गरून्। किनभने कामवासनामा जल्नुभन्दा विवाह गर्नु असल हो। १० अब विवाहितहरूलाई म कड़ा आज्ञा दिन्छु (मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो)ः पत्नी पतिबाट नछुटोस्। ११ तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस्। पतिले आफ्नी पत्नीलाई नत्यागोस्। १२ तर तिमी अरूहरूलाई म भन्दछु (यो मेरो भनाइ हो, प्रभुको होइन), यदि कुनै भाइकी ख्रीष्टमा विश्वास नगर्ने पत्नी छ, र तिनी ऊसँग बस्न चाहन्छिन् भने, उसले त्यसलाई नत्यागोस्। १३ यदि कुनै स्त्रीको ख्रीष्टमा विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न चाहन्छ भने, तिनले आफ्नो पतिलाई नत्यागोस्। १४ किनकि अविश्वासी पति आफ्नी पत्नीद्वारा पवित्र हुन्छ, र अविश्वासी पत्नी आफ्नो पतिद्वारा पवित्र हुन्छे, नत्रता तिनीहरूका छोरा-छोरीहरू अशुद्ध हुनेछन्, तर वास्तवमा तिनीहरू त पवित्र छँदैछन्। १५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस्। यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन। किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो। १६ हे पत्नी, तिमीलाई के थाहा! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छ्यौ कि? अथवा हे पति, तिमीलाई के थाहा! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि? १७ प्रभुले हरेकलाई जस्तो जीवन खटाउनुभएको छ र जस्तो स्थितिमा बोलाउनुभएको छ, सोहीबमोजिम त्यो चलोस्। सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो।" र १ पत्रुस ३ः१-७ "१ पत्नी हो, तिमीहरू पनि आफ्ना पतिका अधीनमा रहो, र यसरी तिनीहरूले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरूको आचरणले गर्दा शब्दविना पनि तिनीहरूका मनको परिवर्तन हुन सक्छ। २ तिमीहरूका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरूको परिवर्तन हुनेछ। ३ केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरूको बाहिरी

**सिङ्गारपटार नहोस्। ४ तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ। ५ किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरूले पनि सिङ्गार गर्थे, र आफ्ना पतिका अधीनमा बस्थे। ६ साराले जस्तै, जसले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन्, यदि तिमीहरूले उचित काम गऱ्यौ र कुनै कुरामा भयभीत भएनौ भने तिमीहरू उनकै छोरीहरू ठहरिनेछौ। ७ पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरू जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरूका प्रार्थनामा बाधा नपरोस्।"**

*येशूलाई विश्वास गर्ने जीवनसाथी पाउनु आशिषित हुनु हो।* सुरूका चर्चमा धेरै विवाहित र अविवाहित विश्वासीहरू थिए साथै वैवाहिक जीवनमा बाँधिनेहरूको बीचमा कुनै पतिले येशूलाई विश्वास गरेको थियो भने कुनै पत्नीले मात्र। येशूलाई विश्वास गर्ने भक्तहरूको बीचमा विश्वास नगर्ने जीवनसाथीलाई के गर्ने भनेर वहस चलेको थियो। अव येशूलाई विश्वास गरेपछि विश्वास नगर्ने श्रीमान वा श्रीमतीलाई छोड्नु पर्छ नत्र अविश्वासी जीवनसाथीसँग बसेको परमेश्वरलाई मन पर्दैन वा उहाँको पछि लागेको हो भन्ने कुरा देखाउँदैन भन्ने विषयमा येशूभक्तहरू अन्यौलमा परेका थिए। त्यतिमात्र नभएर यदि छोराछोरीहरू भए तब बाबु वा आमा दुवै इसाई भएनन् भने आफूमात्र होइन छोराछोरीहरू पनि अशुद्ध हुन्छ वा विश्वासको कारणले बिग्रिन्छ भन्ने सोचाइमा ती इसाईहरू लागेका थिए। यस मामिलामा पावलले आफ्नो स्पष्ट धारणा राख्दछ। जीवनसाथी चाहे इसाई बन्न पुगोस वा नपुगोस सुरूमा परमेश्वरले आशिष दिनुभएको पवित्र विवाहलाई निरन्तरता दिनुपर्छ र आपसी घनिष्ठता वा वैवाहिक जीवनमा हुने प्रेमवहारलाई कायमै राख्नुपर्छ भनेर पावलले जिकिर गर्दछन्। इसाई जीवनसाथीको उपस्थितिले इसाई नहुने जीवन साथी र तिनका छोराछोरीहरूलाई "पवित्र" वा "शुद्ध" बनाउँछ भनेर पावलले भन्दछन्। "शुद्ध वा पवित्र" भन्ने शब्दलाई यस अर्थमा बुझ्नुपर्छः जब विश्वास नगर्ने पति वा पत्नी विश्वास गर्ने पति वा पत्नीको सम्पर्कमा आउँछ तब विश्वास गर्ने पति वा पत्नीले पाएको अनुग्रहको आशिषमा विश्वास नगर्ने पति वा पत्नी सहभागी हुनसक्छ।

तर कतिपय समयमा अत्यन्तै हृदयविदारक वा चित्त दुखाउने खालका घट्नाहरू भएतापनि विश्वास नगर्ने पति वा पत्नीले इसाई घरमा बस्नुभन्दा

नबस्नु नै जाति हुन्छ भनेर छुट्टिने निर्णय गर्न सक्छन् वा गरिरहेका पनि छन्। त्यसो गर्दा त्यसको नतिजा गम्भीर हुनसक्छ र घर परिवार टुक्रिन सक्छ तर दयालु र करुणामय परमेश्वरको वचनलाई आत्मसात् गर्नु सबै मानिसको लागि कल्याण हुन्छ। हाम्रो परमेश्वरले सधैं विवेकको स्वतन्त्रता अर्थात आत्मनिर्णयको स्वतन्त्रतालाई उच्च स्तरमा मान्यता दिनुभएकोले उहाँले भन्नुहुन्छ वर्तमान घरलाई कहालिलाग्दो बनाइरहनुको सट्टा यदि तिनीहरू छुटिंदा तिनीहरू खुशी हुन्छन् भने "छुट्न्।" वैवाहिक दम्पती गृहयुद्धमा लागिरहनुभन्दा छुटेर बस्ने निर्णयले विवाहमा बाँधेको वाचा तोड्नु अमान्य हुँदैन भनेर पावलले अनुमोदन गर्दछन् (१ कोरन्थी ७:१५ रूपान्तरित)। (सायद यो मामिला आफन्त र साथीभाइहरूमा पनि लागुहुनसक्छ जस्तो यस अनुवादकलाई लाग्दछ। येशुलाई विश्वास गर्ने कतिपय विश्वासीहरूले विश्वास नगर्ने घरबार, आफन्त र साथीभाइलाई त्याग्नुपर्ने हुन्छ। आस्थाको मामिलामा सम्झौता गरेर सबैलाई खुशी पारेर बस्नुको सट्टा प्रभुप्रति समर्पणमा आफ्नो विवेकलाई सफा राख्न छुट्नु पनि नाजायज होइन भन्ने पावलको भनाइ भएको देखिन्छ)।

*शान्तिमा रहन येशूका विश्वासीहरूलाई बोलाइएको हो।* आत्मिक रूपमा विभाजित घरमा र अनेकौं घरेलु चुनौतिहरू सामना गर्नुपर्ने परिप्रेक्ष्यमा येशूको शान्तिले बास गर्न सक्छ भन्ने प्राथमिकता परमेश्वरको वचनले स्पष्टरूपमा दिएको पाइन्छ। कठिन परिस्थितिमा पनि पवित्र विवाहलाई कायमै राख्ने आशा गर्नुपर्छ भन्ने सुसमाचारको लक्ष्य हो। पति वा पत्नी येशूलाई विश्वास नगर्ने भएतापनि जुनसुकै अवस्थामा पनि एकै भएर बस्ने भन्ने वाचालाई कायमै राखि एक आपसलाई हौसला र सान्त्वना दिन आस्थामा सम्झौता नगरेतापनि एकै जिउ भएर बस्ने निर्णय आदरणीय हुन्छ भनेर बाइबलले आभास् दिंदछ।

**विश्वास नगर्ने पति वा पत्नीको बीचमा सम्बन्ध कायमै रहेतापनि आस्था जगाइ राख्न वा घरपरिवार शान्तिको निम्ति विश्वास गर्ने पति वा पत्नीको जिम्मेवारीको सिमानाहरू हुन्छन्। ती सिमानाहरू के हुन् त?**

जब येशूलाई विश्वास गर्ने पति वा पत्नी हुन्छ यदि एक आपसमा तिनीहरूले प्रेम, दयामाया देखाए, वैवाहिक जीवनको प्रतिबद्धता कायमा राख्न चाहे तर मुखले इसाई हुँ भन्ने नभइ व्यवहारले पनि देखाउने नीति लिए र नम्रतापूर्वक एकआपसको सेवा गरे भने विश्वास नगर्ने पति वा पत्नीको निम्ति त्यो सुसमाचार ग्रहण गर्ने भव्य वातावरण सृजना हुनसक्छ। एक आपसको

अधीनमा बस्नु भनेर दिइएको परमेश्वरको निर्देशन येशू ख्रीष्टप्रतिको श्रद्धामा कायम राख्नुपर्छ ("ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस" एफिसी ५:२१)। जब विश्वास गर्ने पति वा पत्नी विश्वास नगर्ने पति वा पत्नीको अधीनमा बस्छ भने येशूप्रतिको आस्था र उहाँलाई दिने बफादारिताले जहिले पनि प्राथमिकता पाउनुपर्दछ। येशूलाई विश्वास गरेर उहाँको आदर्शमा हिँड्ने निर्णय पति वा पत्नीले गरे भन्नुको अर्थ विश्वास नगर्ने पति वा पत्नोको दुर्व्यवहार र हिंसा खप्नु होइन। (इसाई घर गृहयुद्धको घर होइन, येशूलाई विश्वास गरियो र नम्र हुनुपर्छ भन्दैमा विश्वास नगर्ने पति वा पत्नीको दुर्व्यवहार, हिंसा र दमनको मारमा पर्नुपर्छ भन्ने छैन किनकि शान्ति, सुःख र तालमेलको जीवन हामी बिताऔं भन्ने परमेश्वरको चाहना हो। यो इसाई जगतमामात्र होइन सबै जगतको निम्ति हो। एक जीवन जिउनु छ, किन अहिले नै नर्कलाई निम्त्याएर घर गृहस्थीलाई थामिराख्ने?-अनुवादकको मन्तव्य)।

**के तपाईंको चर्चमा कोही यस्तो छ जो विश्वास नगर्ने पति वा पत्नीसँग संघर्ष गरिरहेको छ? तब तपाईं कसरी तिनीहरूलाई सहयोग गर्न सक्नुहुन्छ?**

## ४. एक आपसमा बाँडचुडको निम्ति पारिवारिक जीवन

**इसाई जीवन केवल इसाई हुँ भनेर दावी गर्ने वा आत्मज्ञानको भाषण दिनेमात्र नभएर त्यस अनुसार चल्ने चुनौतिमा पनि लाग्नु हो। यस मामिलामा नयाँ करारलाई "पछ्याउनु" वा "अनुसरण गर्नु" भन्ने शब्दहरू प्रयोग गरिएकाछन्। येशूभक्तको जीवनमा निरन्तर बढिरहन र त्यसमा लाग्ने प्रक्रियाको निम्ति ती शब्दहरूले हामीहरूलाई के भन्दछ? प्रभुको लागि गवाही दिनु र उहाँको उच्च आदर्शमा हिँडेर अनुकरणीय उदाहरण बन्न ती शब्दहरूले हामीलाई के भन्न खोजिरहेको छ? हेर्नुहोस् देहायका पदहरूः १ कोरन्थी ४:१६ "यसकारण तिमीहरू मेरा अनुकरण गर्नेहरू होओ भनी म तिमीहरूलाई आग्रह गर्दछु।": एफिसी ५:१,२ "१ यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ। २ तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।", १ थेस्सोलिनिकी १:६,७ "६ तिमीहरू हाम्रा र प्रभुका अनुकरण गर्ने भयौ, किनकि पवित्र आत्माले दिनुभएको आनन्दसाथ तिमीहरूले धेरै कष्टमा वचन ग्रहण गऱ्यौ। ७ यहाँसम्म कि**

माकेडोनिया र अखैयामा सबै विश्वासीहरूका माझमा तिमीहरू नमूना बन्यौ।", हिब्रू ६:६-१२ "६ त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्। ७ जुन जमिनले आफूमाथि सधैं बर्सने पानी पिउँछ, र मानिसहरूका निम्ति खनजोत गरिएको छ, र तिनीहरूका निम्ति मन पर्ने अन्न-बाली उमार्छ, त्यस जमिनले परमेश्वरबाट आशिष् पाउँछ। ८ तर त्यसैले काँढ़ा र सिउँडीहरू उमार्‍यो भने त्यो बेकम्मा हुन्छ, र परमेश्वरको सराप पर्न सक्छ। अन्त्यमा त्यो जलाइन्छ।

९ हामीले यस्ता कुरा भने तापनि तिमीहरूका विषयमा चाहिँ, प्रिय हो, मुक्तिसम्बन्धीका अझ असल कुराको बारेमा हामी निश्चित छौं। १० परमेश्वर अन्यायी हुनुहुन्न, र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न। तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौ। ११ हामी चाहन्छौं, कि तिमीहरू प्रत्येकले आफ्ना सम्पूर्ण आशा प्राप्त गर्नका निम्ति अन्त्यसम्मै त्यही तत्परता देखाउनेछौ, १२ यस उद्देश्यले कि तिमीहरू सुस्त हुनेछैनौ, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन्।", हिब्रू १३:७ " आफ्ना अगुवाहरूको सम्झना राख, जसले परमेश्वरको वचन तिमीहरूलाई सुनाए। तिनीहरूका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरूका विश्वासको अनुकरण गर।" र ३ यूहन्ना ११ "प्रिय हो, खराबीको अनुकरण नगर, तर भलाइको अनुकरण गर। जसले भलो गर्दछ, त्यो परमेश्वरको हो, जसले खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको छैन।"

येशूको शिक्षादीक्षामा लागिरहन वा त्यो सिकिरहने प्रक्रियामा सबैको सामु अनुकरणी उदाहरण वा नमुना भएर देखाउनुपर्छ भनेर नयाँ करारले जोड दिँदछ। सुनाउनेलाई भन्दा देख्नेलाई अनुसरण गरेर चल्ने बानी प्रायजसो मानिसहरूको हुन्छ। यो नीति बिशेष गरेर घरमा प्रकावकारी रूपमा लागु हुन्छ। घरको परिवारमा एक जनाले अर्को जनाको अनुसरण गर्ने नीति लिएको हुन्छ। छोराछोरीहरूले तिनीहरूका बाबुआमाको अनुकरण गर्दछन्, भाइबहिनीहरूले दाजुतथा दिदीको अनुसरण गर्दछन्, विवाह गरेको दम्पतीमा एकको अर्कोले अनुसरण गर्दछन्। कसरी इसाई दम्पती र परिवाहरू अरू

इसाई नहुने परिवारहरूको निम्ति उदाहरण बन्न सक्छन् भन्ने यस अवधारणाले महत्त्वपूर्ण नीति उपलब्ध गराएको छ।

*सामाजिक प्रभावको प्रभावकारिता वा शक्ति।* कुनै न कुनै तरिकाले जब अरू मानिसहरूले हामीलाई वा हामीहरूको घरलाई हेर्दछ तब हामीहरूले येशूको गवाही तिनीहरूलाई उपलब्ध गराइरहेका हुन्छौं। हामी को हौं भनेर अरूलाई देखाउन चाहन्छौं भने हामीहरूको रहनसहन हामीहरूले विश्वास गरेको र सिकाए अनुसार चल्नु पर्दछ। हामीहरूको उदाहरण अरूको निम्ति सुसमाचार नै हुनसक्छ। तर दुर्भाग्यवस कतिपय घरहरूमा परिवारिक सम्बन्ध वा वैवाहिक जीवन असल उदाहरणीय नभएको पाउँछौं। येशूको आत्माले हामीहरूको जीवनमा काम गरिरहनुभएको छ त्यसले गर्दा हामी अरूभन्दा भिन्न छौं भनेर अरूलाई देखाउने थलो हाम्रा घरपरिवारहरू हुन्। एलेन जी ह्वाइटले भन्नुहुन्छ "सामाजिक प्रभाव, जीवनशैली वा हामीहरूको रहनसहन अत्यन्तै प्रभावकारी हुन्छ। यदि हामीहरूका वरिपरि रहनेहरूलाई सहयोग गर्न वा देखाउन चाहन्छौं भने हामीहरूको सामाजिक जीवन वा रहनसहन प्रभावकारी हुनुपर्दछ" -द मिनिस्त्री अभ हिलिङ्ग, पृ. ३५४बाट रूपान्तरित।

जब कुनै विवाहित दम्पतीले अर्को दम्पतीको घरमा खान, सङ्गति, बाइबल अध्ययन वा सँगसँगैं मिलेर कुनै कार्यक्रममा जान्छन् भने आगन्तुकहरूले विश्वासी दम्पतीको जीवनशैली वा रहनसहनलाई उदाहरणको रूपमा हेर्दछन्। जब विश्वासी परिवारमा पारस्परिक समझदारी, एकआपसमा कटिवद्ध भइरहने समर्पणता, राम्रो बोलिचाली, देख्ने र जुनसुकै भिन्नताभएपनि त्यसलाई वास्ता नगरि शिष्टाचार व्यवहार गर्न सक्ने नीतिले त्यो घर येशूको परिवारको घर हो भनेर अरू मानिसहरूले देख्दछन्।

**तर यस सन्दर्भमा हामीहरूले के कुरामा सधैं सतर्क हुनुपर्छ? हेर्नुहोस्ः यर्मिया १७:५-१० "५ परमप्रभु यसो भन्नुहुन्छः "श्रापित होस् त्यो मानिस, जसले मानिसमाथि भरोसा राख्तछ, र शारीरिक शक्तिमाथि भर पर्दछ, जसको हृदय परमप्रभुदेखि तर्किगएको छ। ६ त्यो उजाड़-भूमिको पोथ्रोझैं हुनेछ। उन्नति आउँदा त्यसले देख्नेछैन। त्यो मरुभूमिका सुक्खा ठाउँहरूमा बस्नेछ, अर्थात् नूनको जमिन जहाँ कोही पनि बस्दैन। ७ "तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ। ८ त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिंजाएको हुन्छ। गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैं**

**हरियै हुन्छन्। खड़ेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन।" ९ मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन। त्यसलाई कसले जान्न सक्छ र? १० "हरेक मानिसलाई त्यसको चालअनुसार र त्यसका कर्मको फलअनुसार इनाम दिनलाई म परमप्रभु मानिसको हृदय तलाश गर्छु, त्यसका मनको म जाँच गर्छु।", यूहन्ना २:२३-२५ "२३ जब उहाँ निस्तार-चाड़का भोजको बेला यरूशलेममा हुनुहुन्थ्यो, तब उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाउँमा विश्वास गरे। २४ तर येशूले आफैलाई तिनीहरूका भरमा छोड्नुभएन, २५ किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो। उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो।" र रोमी ३:२३ "सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।"**

***कुरो स्पष्ट छ, जसले येशू ख्रीष्टको अनुसरण गर्छ वा पछ्याउँछ त्यसको अनुसरण गर।*** मानिसहरूले जतिसुकै अनुकरणीय उदाहरण बनेर देखाएतापनि तिनीहरूमा कुनै न कुनै कमी हुनसक्छ। त्यस परिप्रेक्ष्यमा कुनै पनि इसाई परिवार येशूको गवाही दिने पक्का, त्रुटिरहित सिद्ध वा अन्यन्तै अनुकरणीय उदाहरण  हो भन्न सकिँदैन। जसले येशूलाई विश्वास गरेर उहाँको बाटोमा हिँड्छ त्यसलाईमात्र नमुना वा उदाहरण ठानेर चल्न नयाँ करारले आह्वान गर्दछ। जब कोही जुनसुकै कमिकमजोरीको बाबजुद पनि येशूलाई पछ्याउने प्रयास गरिरहेको अरूले देख्छन् तब उसको इसाई आस्थाको सराहना गरेर त्यो अनुसार चल्न अरूलाई प्रेरणा मिलोस भन्ने मनशाय बाइबलको हो।

**अरूको सामु तपाईंको घर अझ राम्रो अनुकरणीय उदाहरणीय बनाउन तपाईंले के गर्न सक्नुहुन्छ?**

## ५. प्रभावकारी आत्मियता वा मिलनसार तथा मित्रताको केन्द्रविन्दु

**येशूभक्तको घर परिवार अतिथी वा पाहुनाहरूलाई सेवा सत्कार गर्ने थलो हुनुपर्छ। जो आएपनि यो त आफ्नै घर जस्तो हो भन्ने प्रत्याभूति दिनुपर्दछ। हेर्नुहोस् यशैया ५८:६-१२ "६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा**

लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीं छु'। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ।", रोमी १२:१३ "सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।" र १ पत्रुस ४:८-१० "८ सबैभन्दा बढ़ी एक-अर्काप्रति तिमीहरूको प्रेम अटूट रहोस्। किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ। ९ विनागनगन एउटाले अर्काको अतिथिसत्कार गर। १० जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर।"

बाइबलमा देहायका केही उदाहरण छन् जसले अतिथि सत्कार गरेका थिए। कुनै अतिथि वा पाहुना आउँदा तिनलाई कसरी सत्कार गर्नुपर्दोरहेछ भनेर ती उदाहरणहरूले देखाएको मनन गर्नुहोस्।

<u>अब्राहम र सारा,</u> उत्पत्ति १८:१-८ "१ दिउँसोको गर्मीमा मम्रेका फलाँटका रूखहरूनेरको आफ्नो पालको ढोकामा अब्राहाम बसिरहँदा परमप्रभु तिनीहरूकहाँ देखा पर्नुभयो। २ तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरू उभिरहेका देखे। उनीहरूलाई देखेर तिनी पालको ढोकाबाट भेट गर्नलाई कुदेर गए, र भूइँसम्म निहुरेर दण्डवत् गरे। ३ तिनले भने, "हे मेरा प्रभु, ममाथि तपाईंको निगाह हुन्छ भने कृपा गरी आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म केही पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना

पाउ धुनुहोस्, र यही रूखमुनि आराम गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्, त्यसपछि मात्र जानुहोस्, किनभने यसैको निम्ति तपाईंहरू आफ्नो दासकहाँ आउनुभएको होला।" उनीहरूले भने, "जाऊ, तिमीले भनेअनुसार गर।" ६ तब अब्राहाम झट्टै पालमा साराकहाँ गएर भने, "तुरुन्तै पाँच पाथी (वा १५ किलोजति) मसिनो पीठो तयार गरी मुछेर रोटी बनाऊ।" ७ अब्राहाम आफैचाहिँ बथानतिर कुदेर गए, र एउटा कलिलो र असल बाछो छानेर आफ्नो नोकरलाई दिए, र त्यसले तुरुन्तै त्यो पकायो। ८ तब तिनले दही, दूध र त्यो पकाएको बाछाको मासु लगेर उनीहरूका सामु टक्र्याए। उनीहरूले नखाउञ्जेल तिनी उनीहरूकै नजिक उभिरहे।"

<u>रेबेक्का र उनका परिवार</u> उत्पत्ति २४:११-५४ "११ साँझपख स्त्रीहरू पानी भर्ने बेलामा सहरका बाहिरपट्टि पानीको इनारको नजिकै त्यसले ऊँटहरूलाई राख्यो। १२ अनि त्यसले मनमनै प्रार्थना गऱ्यो, "हे मेरा मालिकका परमप्रभु परमेश्वर, कृपा गरी आज मलाई मेरो काम सफल गराइदिनुहोस् र मेरा मालिक अब्राहामलाई आफ्नो दया देखाउनुहोस्। १३ हेर्नुहोस्, म यो इनारनेर उभिरहेको छु, र सहरका मानिसहरूका छोरीहरू पानी भर्नलाई आउँदैछन्। १४ यसैले यसो होस्ः जुन कन्यालाई म 'तिम्रो गाग्रो मतिर पानी पिउनलाई ढल्काइदेऊ' भनुँला, र जसले मलाई 'खानुहोस्, म तपाईंका ऊँटहरूलाई पनि खुवाइदिन्छु' भन्छिन्, तिनलाई नै तपाईंले आफ्ना दास इसहाकको निम्ति रोज्नुभएको होस्। तपाईंले मेरा मालिकलाई दया देखाउनुभएको रहेछ भन्ने म त्यसैबाट थाहा पाउनेछु।" १५ त्यसले यो भनिसकेको पनि थिएन, अब्राहामका भाइ नाहोरकी पत्नी मिल्काको छोरो बतूएलकी छोरी रिबेका काँधमा गाग्रो राखेर आइन्। १६ कन्या अत्यन्त सुन्दरी र कुनै मानिससित पनि सहवास नभएकी थिइन्। इनारमा ओर्लेर तिनले गाग्रोमा पानी भरिन् र उक्लेर आइन्। १७ तब त्यो नोकर तिनलाई भेट गर्न दगुर्यो र भन्यो, "कृपा गरी तिम्रो गाग्रोबाट मलाई अलिकता पानी पिउन देऊ।"

१८ तिनले "हजूर, खानुहोस्" भनेर तुरुन्तै गाग्रो झारिन्, र आफ्नो हातमा गाग्रो राखेर त्यसलाई पानी खुवाइदिइन्। १९ त्यसलाई खान दिइसकेपछि तिनले भनिन्, "तपाईंका ऊँटहरूका निम्ति पनि तिनीहरूले पिई नसकुञ्जेल म पानी उघाएर दिनेछु।" २० तब तिनले झट्टै आफ्नो गाग्रोको पानी डूँड़मा खन्याएर फेरि पानी उघाउन इनारतिर कुदेर गइन्, र तिनले सबै ऊँटहरूका निम्ति पनि पानी उघाइदिइन्। २१ त्यो मानिसचाहिँ परमप्रभुले

आफ्नो यात्रा सफल गरिदिनुभएको हो कि होइन भनी थाहा पाउनलाई चूप लागी
डीठ लाएर तिनलाई हेरिरह्यो। २२ ऊँटहरूले पानी खाइसकेपछि त्यस मानिसले
छ ग्राम तौलका सुनको एउटा नत्थ र एक सय ग्राम जति तौलका सुनका
बालाहरू झिकेर भन्यो, २३ "तिमी कसकी छोरी हौ? के तिम्रा बाबुको घरमा
हामीलाई डेरा गर्नलाई बस्ने ठाउँ छ?" २४ तिनले त्यसलाई भनिन्, "म
नाहोरबाट मिल्काले जन्माएका बतूएलकी छोरी हुँ।" २५ तिनले त्यसलाई अझै
भनिन्, "हामीसँग दाना र पराल प्रशस्त छन्, डेरा गर्नलाई कोठा पनि छन्।" २६
तब त्यस मानिसले आफ्नो शिर निहुराएर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरेर
भन्यो, २७ "परमप्रभु, मेरा मालिक अब्राहामका परमेश्वर धन्यका हुनुहुन्छ, जसले
मेरा मालिकप्रतिको दया र विश्वस्तता त्याग्नुभएको छैन। परमप्रभुले नै मलाई
बाटोमा डोऱ्याएर मेरा मालिकका कुटुम्बको घरमा ल्याइदिनुभएको छ।" २८
तब ती कन्या गइन्, र आफ्नी आमाका परिवारलाई सबै कुरा बताइन्। २९
रिबेकाका लाबान नाउँ भएका एउटा दाजु थिए। लाबान निस्केर इनारनेर त्यस
मानिस भएको ठाउँतिर दगुरेर गए। ३० जब उनले आफ्नी बहिनीको नाकमा
नत्थ र हातमा बाला देखे र "त्यस मानिसले मलाई यसो भन्यो" भन्ने कुरा
आफ्नी बहिनीबाट सुने, तब उनी त्यस मानिसकहाँ गए। ३१ अनि इनारको
छेउमा ऊँटहरूका नजिकै त्यो उभिरहेको देखेर लाबानले भने, "हे परमप्रभुका
आशीर्वादी जन, भित्र आउनुहोस्। किन बाहिरै उभिरहनुहुन्छ? मैले तपाईंको
निम्ति डेरा र ऊँटहरूका लागि ठाउँ तयार पारिराखेको छु।" ३२ तब त्यो
मानिस लाबानसित उनको घरमा गयो, र लाबानले ऊँटहरूका भारीहरू झारेर
तिनीहरूलाई पराल र दाना दिए। अनि उनले अब्राहामको नोकर र त्यससित
हुने मानिसहरूका निम्ति खुट्टा धुने पानी पनि दिए। ३३ तब त्यसको सामु
खानेकुरा पनि राखिदिए। तर त्यसले भन्यो, "जबसम्म मेरो समाचार म भन्दिनँ
तबसम्म म केही खान्नँ।" उनले भने, "ल, भन्नुहोस्।" ३४ तब त्यसले भन्यो,
"म अब्राहामको एक नोकर हुँ। परमप्रभुले मेरा मालिकलाई खूबै आशिष्
दिनुभएको हुनाले तिनी एक ठूला मानिस भएका छन्। ३५ उहाँले तिनलाई
बगालका बगाल भेड़ाबाख्राहरू र बथानका बथान गाई-गोरुहरू, तथा सुनचाँदी,
दास-दासी, ऊँटहरू र गधाहरू दिनुभएको छ। ३६ मेरा मालिककी पत्नी साराले
बुढ़ेसकालमा तिनको निम्ति एउटा छोरो जन्माइन्, र उनैलाई तिनले आफ्ना जे-
जति छन् सबै दिएका छन्। ३७ मेरा मालिकले मलाई यसो भनेर शपथ खान
लाएका छन्, 'तिमीले मेरो छोराको लागि म अहिले बसेको देशका कनानीहरूका

छोरीहरूमध्ये कुनै पनि विवाह गर्नलाई नल्याउनू, ३८ तर मेरो कुटुम्बकहाँ र मेरा पिताको घरमा गएर तिमीले मेरो छोराको निम्ति एउटी पत्नी खोजेर ल्याइदिनू।' ३९ "मैले मेरा मालिकलाई भनें, कथङ्कदाचित् त्यो स्त्री मेरो साथमा आउन मानिन भने नि त?" ४० "तिनले मलाई भने, 'जुन परमप्रभुको सामुन्ने म हिँड्डुल गर्छु, उहाँले नै आफ्ना दूत तिमीसित पठाउनुहुनेछ, र तिम्रो कार्य सफल हुनेछ, र तिमीले मेरा कुटुम्ब र मेरा पिताको घरबाट मेरो छोराको लागि एउटी पत्नी ल्याउनेछौ। ४१ जब तिमी मेरा कुटुम्बकहाँ पुग्नेछस् तब मेरो यस शपथबाट छुट्नेछस्। अनि तिनीहरूले केटी दिएनन् भने पनि मेरो यस शपथबाट तिमी छुट्नेछौ।' ४२ "आज इनारमा आइपुगेर मैले यसो भने, 'हे परमप्रभु, मेरा मालिक अब्राहामका परमेश्वर, तपाईंको इच्छा भए तपाईंले मेरो कार्य सफल गराइदिनुहोस्। ४३ हेर्नुहोस्, म इनारमा उभिरहेछु। जुन स्त्री पानी भर्नलाई आउलिन् र मैले "तिम्रो गाग्रोबाट मलाई अलिकता पानी पिउन देऊ," भन्दा ४४ तिनले मलाई "खानुहोस्, र म तपाईंका ऊँटहरूलाई पनि पानी उघाइदिनेछु," भन्नेछिन्, त्यही स्त्रीचाहिँ मेरा मालिकका छोराको लागि परमप्रभुले ठहराउनुभएको होस्।' ४५ मैले यी कुरा मनमनै भनिसक्न अगि नै, हेर्नुहोस्, रिबेका काँधमा आफ्नो गाग्रो बोकेर आइन्, र इनारमा ओर्लेर पानी उघाइन्। मैले तिनलाई भनें, 'कृपा गरी मलाई पानी पिउन देऊ।' ४६ "तिनले तुरुन्तै आफ्नो काँधबाट गाग्रो झारेर भनिन्, 'खानुहोस्। म तपाईंका ऊँटहरूका निम्ति पनि पानी खान दिनेछु।' तब मैले पानी पिएँ, र तिनले मेरा ऊँटहरूलाई पनि पानी खान दिइन्। ४७ "मैले तिनलाई 'तिमी कसकी छोरी हौ?' भनी सोधें। "तिनले भनिन्, 'नाहोर र मिल्काका छोरा बतूएलकी छोरी हुँ।'

"तब मैले तिनको नाकमा नत्थ र हातमा बालाहरू लगाइदिएँ। ४८ अनि आफ्नो शिर निहुराएर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरें, र मेरा मालिक अब्राहामका परमप्रभु परमेश्वरलाई धन्यको भनें, जसले मेरा मालिककै भाइकी नातिनी तिनका छोराको निम्ति दिन मलाई ठीक बाटोमा डोऱ्याउनुभएको थियो। ४९ अब तपाईंहरू मेरा मालिकसँग दया र सत्यको व्यवहार गर्नुहुन्छ भने मलाई भन्नुहोस्। होइन भने पनि मलाई भन्नुहोस्, र म दाहिने-देब्रे जता हुन्छ लागुँला।" ५० तब लाबान र बतूएलले जवाफ दिए, "यो कुरा परमप्रभुबाट नै हुन आएको हो। हामी तपाईंलाई खराब अथवा असल केही भन्न सक्दैनौं। ५१ हेर, रिबेका तपाईंको सामुन्ने छे। त्यसलाई लिएर जाऊ, र परमप्रभुले भन्नुभएजस्तै गरी त्यो तिम्रा मालिकका छोराकी पत्नी होस्।" ५२ अब्राहामको

नोकरले तिनीहरूका कुरा सुनेपछि भूइँमा निहुरेर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गर्‍यो। ५३ तब त्यसले सुन र चाँदीका गहनाहरू र लुगाहरू ल्याएर रिबेकालाई दियो। त्यसले तिनका दाजु र आमालाई पनि मूल्यवान् थोकहरू उपहारको रूपमा दियो। ५४ तब त्यो र त्यसका साथमा भएका मानिसहरूले खाए र पिए, त्यो रात त्यहीँ बिताए। बिहान उठेपछि त्यसले भन्यो, "मेरा मालिककहाँ जान अब मलाई बिदा दिनुहोस्।"

<u>जक्कै</u> लूका १९:१-९ "१ येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। २ त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। ३ येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड्को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। ४ तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६ तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। ७ जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" ८ जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९ तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

अतिथि वा पाहुनाहरूको सत्कार भनेको तिनीहरूको आधारभूत आवश्यकता पूरा गरिदिनु हो। त्यसमा तिनीहरूलाई खान, बस्न, सुत्न, सङ्गति वा कुराकानी गर्ने जस्ता आवश्यहरू पर्दछन्। अरूप्रतिको माया वा प्रेमलाई आफूभित्र लुकाइ नराखी आफूले निस्वार्थ भावनाले सत्कार गर्नु वा सेवा गर्नु नै देख्ने गरेर व्यवहारमा प्रेम वा माया व्यक्त गर्नु हो। जब येशूलाई विश्वास गर्ने भोकाएकाहरूलाई र तिर्खाएकाहरूलाई खान वा पिउन दिइयो भने त्यो सेवा उहाँलाई नै पुर्‍याइएको भनेर अतिथि सत्कारमा धार्मिक मान्यता जोडेर उहाँले सिकाउनुभएको थियो (मत्ती २५:३४-४०)। छिमेकी वा साथीभाइहरूलाई आफ्नो घरमा खानपिन गर्न बोलाउनु वा कोही पाहुना हुन आए भने तिनलाई

सत्कार गर्नुदेखि लिएर दुर्व्यवहारको मारमा परेकोलाई सरण दिनु सेवाकार्यमा पर्दछ। मिलनसार हुनु, कसैसँग प्रार्थना गर्नु वा बाइबल अध्ययन गर्न जानु वा आफ्नो घर खोलिदिनु पनि अतिथि सत्कारको नीतिमा पर्दछ। पक्का, सच्चा र निस्वार्थी अतिथि सत्कार ती मानिसहरूको हृदयबाट स्वत स्फूर्त हुन्छ जसका हृदयहरूलाई परमेश्वरको प्रेमले छोएको हुन्छ र आफ्ना वचनहरूबाट र कामबाट त्यो प्रेम दर्शाउन चाहन्छ।

कतिपय समयमा आफूसँग ठाउँ नभएको, समय नभएको, आर्थिक स्थिति कमजोर भएको वा बल नभएको भनेर कतिपय परिवारहरू अतिथी सत्कार गर्नबाट लुक्दछन्। अरू कतिले त विशेष गरेर विश्वास नगर्ने मानिसहरूको अतिथि सत्कार गर्न आफूलाई अप्ठ्यारो लागेको, आफूले तिनीहरूसँग घुलमिल गर्न नजानेको वा तिनीहरूलाई घरमा हुल्नुहुन्छ कि हुँदैन भनेर अलमल परे भनेर गुनासो गर्दछन्। अझ कति त अरूको सेवा गर्न थालियो भने आफ्नो जीवनमा समस्याहरू आउँछन्, त्यसकारण त्यसबाट जोगिन सबैबाट अलग भएर बसेको देखिन्छ। आजभोलिका कतिपय परिवारहरूमा अतिथि सत्कार र रमाइलो वा मनोरञ्जनको बीचमा भएको अन्यौलताले गर्दा तिनीहरू चुपचाप बस्न चाहन्छन्।

**तपाईंको घर परिवारको जीवन कस्तो छ जसले तपाईंको आत्मिक अवस्थाको प्रदर्शन गर्दछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरूले यस अध्यायको बारेमा थप जानकारी दिइन्छ।** ***द एडभेन्टिस्ट होमको*** पृ. ३५-३९को लेख "अ पावरफुल क्रिश्चियन विटनेस" र पृ. ३४८-३५२को "आट्टिट्युड टुवार्ड अनबेलिभिङ्ग कम्पानियन", *मिनिस्त्री अभ हिलिङ्गको* पृ. ३४९-३५५को "मिनिस्त्री अभ द होम" र *प्रोफेटस् एण्ड किङ्गस* पृ ३४०-३४८को "द आम्बासेडरस फ्रम बेबिलोन।"

*घरमा सुसमाचार सुनाउनुको प्रभावकारिता।* "मानिसहरूको जीवन र हृदयहरूमा सत्य वा पक्का इसाई घरको प्रभाव पार्न सकियो भने कुनै पनि उल्लेखनीय प्रवचन दिनुभन्दा प्रभावकारी हुन्छ...।

"हाम्रो प्रभावकारी भूमिका खेल्ने क्षेत्र साँघुरो होला, हाम्रो क्षमता थोरै होला, हामीलाई अवसरहरू कमै होलान्, हामीले गर्नसक्ने कामहरू सिमितै

होलान्, तैपनि हामीहरूको घरलाई परमेश्वरको योजनामुताविक चलाउन सकियो भने त्यसबाट उहाँको निम्ति उल्लेखनीय तथा अचम्मका कामहरू हुने सम्भावनाहरू हुन्छन्।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ ३५२,३५५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) के तपाईंलाई प्रभुमा ल्याउन कुनै घरले भूमिका खेलेको थियो? प्रभुको उपस्थिति भएको विश्वासीको घरबाट तपाईंले के सिक्न सक्नुहुन्छ?

आ) विश्वास नगर्ने पति वा पत्नीलाई विश्वास गर्ने पति वा पत्नीले सुसमाचारको निम्ति सेवाकार्य गर्न के के तरिकाहरू अपनाउन सक्छन्?

इ) विश्वासको कारण घरमा हुने विभिन्न दवावहरूको बारेमा सोच्नुहोस्।

ई) येशूभक्तको व्यक्तिगत जीवन बालबालिकाहरूलाई, विश्वास नगर्ने पति वा पत्नीलाई, आफन्त र पाहुनाहरूलाई गवाही दिने अवसरको रूपमा लिन सकिन्छ। परिवार, आफन्त वा पाहुनाहरूलाई सिद्ध परमेश्वरको बारेमा सधैं सुनाउन नसकिएला। तर कमसेकम येशूको नाउँमा उदारतासाथ गरिएको अतिथि सत्कारले हामीकहाँ आउने सबैले परमेश्वरको अनुग्रहको स्पर्सको अनुभव गर्न सक्नेछन्। तपाईंको घरमा आउनेहरूका लागि तपाईंको घरको प्रभाव सोच्नुहोस्। तपाईंको घरको खुडकिला चढ्नेहरूलाई तपाईंले कसरी राम्रोसँग सुसमाचार सुनाउन सक्नुहुन्छ?

## कथा १२
## कहिल्यै नबिर्सिने प्रस्ताव
## ग्रिसियलीमोरेजनाशिमिन्टो, २०, ब्राजिल

ब्राजिल देशको आराकायु भन्ने गाउँमा हामी बस्दछौं। मेरी आमा र मेरो सौतेनी बुबा सधैं झगडा गर्दथे। घरमा झगडा अलिअलि गरेर सुरु हुन्थ्यो पछि आमा र सौतेनी बुबाको बीचमा एकदम चर्काचर्की नै हुनथाल्थ्यो। मेरो बाल्यकाल एकदमै कोलाहलपूर्ण र एक आपसमा चिच्याउने वातावरणमा बितेको थियो। म परमेश्वरबिना हुर्किएको थिएँ र म कहिल्यै पनि चर्चमा गइँन।

म १८ वर्ष भएको बेलामा एक दिन एक जना मायालु काकी मलाई भेट्न आइन्। मेरो घरको स्थिति देखेर उनी अत्यन्तै दुःखित भइन्।

"तिम्रो परिवार असलै छन् तर तिमीहरूमा परमेश्वरको अभाव छ। हामी सबै सँगै चर्चमा जाऔं। जुन चर्च पहिला भेटिन्छ त्यसै चर्चमा हामी जानेछौं" उनले भनिन्।

हामीहरू सहमत भएर घरबाट निस्क्यौं। मेरी आमा, मेरी सौतेनी बुबा, मेरी कान्छि बहिनी, मेरी सौतेनी बहिनी र सौतेनी भाइ, मेरी काकी र म एक हुल भएर चर्च खोज्दै हिंड्न थाल्यौं। पहिलो चर्च सेभेन्थ-डे एडभेन्टिस्टको थियो। हामी त्यस चर्चभित्र गयौं। धेरै युवायुवतीहरूले श्रृंखलावद्धरूपमा सुसमाचारीय कार्यक्रम त्यहाँ संचालन गर्दैथिए। हामी त्यस कार्यक्रममा चासोका साथ बस्यौं। पछि केही युवायुवतीहरू हाम्रो घरमा आए र बाइबल सिकाउन थाले।

म त्यसबेला स्कूलमा पढ्दथें। त्यसले गर्दा कतिपय समयमा मैले तिनीहरूसँगको बाइबल अध्ययनमा मैले भाग लिन पाइँन। तर मेरी आमा र भाइ बहिनीहरूले बाइबल अध्ययनमा भाग लिए। हामी सबै जना चर्च पनि जान थाल्यौं।थोरै समयको निम्ति भएपनि हामीहरूको घरमा शान्ति छाउन थाल्यो। अनि फेरि मेरा बाबुआमा झगडा गर्न थाले। त्यो झगडा त पहिलाको भन्दा झन चर्केर घरेलु हिंसामा पो परिणत हुन थाल्यो।

मेरी आमाले मेरो सौतेली बुबाको मार खप्न सकिनन् र एक दिन मेरी आमा हामीलाई चटक्कै छोडेर घरबाट निस्किन्। हामी चर्च पनि जान

छोड्यौं। मैले मेरा सौतेली भाइबहिनीहरूलाई छोड्न चाहेकी थिइँन, त्यसकारण म सौतेली बुबासँग बसें।

केही महिनापछि एक दिन मलाई टेलिफोन आयो। राफेल नाउँ गरेको एकजना व्यापारीले उसको काममा सेक्रेटरी भएर काम गर्ने एक जना व्यक्तिको खोजिगरिरहेको र त्यो काम म गर्न चाहन्छु कि भनेर उनले सोधे। एक दिन उनी मेरो स्कूलमा मेरो प्रिन्सिपललाई भेट्न आएका थिए र उनीसँग काम गर्न चाहने कोही युवा वा युवती छ जसलाई उहाँले सिफारिस गर्न सक्नुहुन्छ कि भनेर सोधे। मेरो १२ वर्षको सौतेलीभाइले त्यो कुरा सुन्यो र मलाई काम दिलाउन अनुरोध गऱ्यो।मैले त्यो काम स्वीकारें।

मेरो नयाँ हाकिम अरू हाकिमहरूजस्तै नभएको मैले भेट्टाएँ। काममा जानुभन्दा अघि उनी प्रार्थना गर्थे। उनले केही अस्वस्थ खालका खाने कुराहरू पनि नखाएको मैले देखें। एक दिन उनीसँग म कारमा गइरहेको थिएँ, उनले रेडियो खोले र मैले एडभेन्टिस्ट चर्चमा गाएको गीत सुनें। मैले त्यो गीत कारमा जाँदा जाँदै गाउन थालें। राफेलले मैले गीत गाएको सुने र सोधे "के तिमीलाई एडभेन्टिस्ट चर्च थाहा छ?" मैले थाहा छ भनेर टाउको हल्लाएँ।
आफू पनि एडभेन्टिस्ट भएको र उनीसँग चर्चमा आउन उनले आग्रह गरे। तर म मानिँन। तर उनले मलाई कर गर्दै गरे। आखिरमा एक साबथ म चर्चमा गएँ। त्यसपछि दोस्रो साबथ पनि चर्च गएँ र तेस्रो साबथ पनि चर्च गएँ। त्यसपछि त चर्च नगइकन बस्न सकिँन। एडेभेन्टिस्ट चर्चमा गरिने परमेश्वरको आराधना मलाई साऱ्है मन परेको थियो। मैले बाइबल अध्ययन गर्न थालें। जब मैले दशांसको बारेमा सिकें तब मैले तुरुन्तै मेरो आम्दानीको १०प्रतिशत परमेश्वरलाई फर्काउन थालें।

सन् २०१७मा मैले बप्तिस्मा लिएँ। केही महिनापछि मेरो १२ वर्षको सौतेली भाइले पनि बप्तिस्मा लियो। मैले प्रार्थना गरिरहेको र मेरो आनीबानी परिवर्तन भएका मेरा बहिनीहरूले देखे। मैले लाउने लुगाहरू पहिलेको जस्तो थिएन। मैले बोल्ने बोलिचालीमा पनि फरक भएको तिनीहरूले देखे। १८ वर्षकी मेरी बहिनी यास्मिन र १५ वर्षकी मेरी सौतेली बहिनी इभीलिमले पनि संगसंगै बप्तिस्मा लिए।

मैले बप्तिस्मा लिएको पाँच महिनापछि राफेलले मसँग विवाह गर्न चाहन्छ्यौ कि? भनेर प्रस्ताब राखे। मैले हुन्छ भनेर स्वीकारें। अहिले

हामीहरूले नयाँ घर बनाउँदैछौं। त्यो घर बनाइसकेपछि हामी विवाह गर्ने सुरमा छौं।

मेरा बाबुआमाले पनि परमेश्वरलाई चिनुन् भनेर म प्रार्थना गर्दैछु। तर मेरा भाइबहिनीहरू र म परमेश्वरमा अत्यन्तै दरिला छौं। हामीहरूको जीवन आमूलरूपमा परिवर्तन भएको छ। हामीहरूले गर्ने बोलिचाली, व्यवहार हामीहरूको साथीहरूसँग मिल्ने कुरामा, हामीहरूले लगाउने लुगाहरूमा वा सबै कुराहरूमा हामी फेरिसकेका थियौं। चर्चको संङ्गीत विभागमा र बालबालिकाहरूको निम्ति सेवाकार्य म गर्दैछु। मेरा बहिनीहरू चर्चको स्वागत कक्षमा काम गर्दछन्। मेरो भाइको चर्चमा काम गर्ने उमेर पुगेको छैन तर ऊ पाथफाइन्डर हो।

अहिलेको त्रैमासिक भेटीको केही भाग हामीलाई चाहिने नयाँ चर्चको निम्ति सहयोग हुनेछ। साबथमा धेरै मानिसहरू सेवासङ्गति गर्न आउँछन् तर अहिले हाम्रो चर्चमा ठाउँ पुग्दैन।

लेखकः ***आन्द्र्यु मेकचेस्नी***